CDO-KTM Reg. 355, SWC Reg. 26156

# GoGo Foundation
## असल शासन फाउण्डेशन (Good Governance Foundation)

Promoting good governance, social accountability, quality public service delivery & right to information by creating accountable, transparent & participatory governance process

मिति: २९ माघ २०६९

Our Ref:

सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यू,
प्रधानमन्त्रीको कार्यालय
सिंहदरबार, काठमाडौं

Attn: श्रीमान काशिराज दाहालज्यू, अध्यक्ष, उच्चस्तरिय प्रशासनिक सुधार सुझाव आयोग

विषय: **सार्वजनिक सेवा सुधारका ५१ उपायहरू**

सम्माननीय प्रधानमन्त्रीज्यू,

GoGo Foundation (असल शासन फाउण्डेशन) मुलुकमा सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता तथा जवाफदेहीता बृद्धिका लागि रचनात्मक काम गर्ने उद्देश्यले यस क्षेत्रमा कार्यरत अभियन्ताहरुको संलग्नतामा स्थापना भएको गैरसरकारी संस्था हो ।

असल शासन अभियन्ताहरूको पहलमा तयार गरिएको सार्वजनिक सेवा सुधारका ५१ उपायसहित गत २०६८ भदौ २० गते सुझाव पेश गरिएको थियो । त्यसैले हालसम्म उक्त सुझावहरू के कति कार्यान्वयन भए भन्ने जानकारी लिने उद्देश्यले यो पत्र लेखिएको छ ।

परिवर्तित राजनीतिक परिवेशमा नागरिकले पाउने सार्वजनिक सेवा र वस्तुसम्मको पहुँचलाई प्रभावकारी बनाउन *"सार्वजनिक सेवा सुधारका ५१ उपायहरू"* सहयोगी हुनेछ भन्ने हेतुले सूत्रबद्ध रूपमा प्रस्तुत गरिएका सुझावहरू हामीले विगत लामोसमयदेखि राष्ट्रिय तथा स्थानीयस्तरमा सञ्चालन गरेका असल शासन अभियानबाट प्राप्त अनुभव र सिकाइहरू हुन् । यी सुझाहरूलाई कार्यान्वयनमा ल्याइयो भने सरकारको शाखमा बढोत्तरी आउने कुरामा हामी विश्वस्त छौं :

### निजामति क्षेत्रको सुधारका लागि के गर्न सकिन्छ ?

१. कर्मचारीलाई *"राष्ट्रसेवक"* भन्नुको सट्टा *"नागरिक सेवक"* भने र सम्बोधन गर्नुपर्ने ।

२. नेपालका निजामती कर्मचारीलाई आवश्यकताभन्दा बढी संवैधानिक तथा कानुनी संरक्षण दिइएकाले यसमा तत्काल पुनरावलोकन गर्ने । अहिले लोकसेवा आयोग "कर्मचारी सेवा आयोग" जस्तो देखिएकाले यसलाई उत्कृष्ठ निजामती कर्मचारी छनोट गर्ने र नीति निर्माणमा सहयोग गर्ने निकायको रूपमा मात्र विकास गर्न यसको नाम *"नागरिक सेवा आयोग"* राख्ने ।

३. २०६९ साल बैशाख १ गतेपछि निजामती सेवामा प्रवेश गर्ने सरकारी कर्मचारीलाई निवृत्तिभरण दिने व्यवस्था बन्द गर्ने । त्यसको सट्टा एकमुष्ट उपदान दिएर विदा गर्ने व्यवस्था गर्ने ।

४. हाल विद्यमान अत्यधिक सरकारी विदा दिने व्यवस्थालाई आधा कटौती गरी शनिबार र आइतबार विदा दिने व्यवस्था गर्ने ।

५. अहिले भएका मन्त्रालयको संख्या घटाएर ११ वटा कायम गर्ने (अर्थ, रक्षा, गृह, सामान्य प्रशासन तथा कानुन, परराष्ट्र, सञ्चार, शिक्षा-संस्कृति-युवा तथा खेलकुद, विज्ञान, स्वास्थ्य, कृषि तथा जलश्रोत, संघीय (स्थानीय विकाससमेत), समाजकल्याण (महिला, बालबालिका तथा अपाङ्ग) ।

६. क्षेत्रिय प्रशासन कार्यालयहरूको कुनै उपयोगिता नदेखिएकाले आगामी एकवर्षभित्र यस्ता कार्यालय बन्द गर्ने ।

७. निजामती प्रशासनलाई चुस्त, फूर्तिलो र जिम्मेवारीसहीत शिपयुक्त प्रशासन सञ्चालनका लागि २५ वर्ष सेवाअवधि र ५५ वर्ष उमेर पुगेका कर्मचारीलाई आगामी दुई वर्षभित्र गोल्डेन ह्याण्डसेकको नीति अख्तियार गरेर ससम्मान विदा गर्ने ।

८. सहायकस्तरका कुनैपनि दरबन्दीमा स्थायी कर्मचारी भर्ना नगर्ने । साथै भर्ना गर्नैपर्ने विशिष्ट परिस्थिति आइपरेमा पनि एकमुष्ट उपदान दिएर सेवा निवृत्त हुने व्यवस्था गर्ने ।

९. विभागीय प्रमुखलगायत सहसचिवभन्दा माथिका कर्मचारीलाई मात्र गाडी सुविधा उपलब्ध गराउने । यस्तो सुविधा पनि सकेसम्म डायल मोविलिटिमा राख्ने ।

१०. केन्द्र, अञ्चल तथा जिल्लाका अनावश्यक संरचनाहरू समयसिमा तोकेर तत्काल बन्द गर्ने ।

११. स्थानीयस्तरमा कामको चाप कम भएका कार्यालयका कर्मचारीलाई बढी काम हुने कार्यालयमा काजमा खटाएर काम गराउने व्यवस्था गर्न सम्बन्धित जिविसलाई जिम्मेवारी दिने ।

१२. मन्त्रालय, विभाग र अत्यावश्यक कार्यालयका अधिकृतस्तरभन्दा तल्लो तहका सबै कर्मचारीको भर्ना सम्बन्धित मन्त्रालयबाट गराउने अनिवार्य व्यवस्था गर्ने ।

१३. यूटिलिटि सेवाअर्न्तगत (ड्राइभर, पियन, परिचर, स्वीपर आदि) का सबै पद खारेज गरी आउट सोर्सिङ्गबाट काम गराउने व्यवस्था गर्ने ।

१४. सम्पूर्ण गाविस, नगरपालिका, जिविस, हुलाक, मालपोत, कृषि, स्वास्थ्य, वनलगायतका जिल्लास्तरीय कार्यालयका कर्मचारीको भर्ना सम्बन्धित जिविसबाट गराउन अख्तियारी दिने ।

१६. सरकारका सबै कार्यालयबाट टाइपिष्टको दरबन्दी आगामी एकवर्षभित्र खारेजीको व्यवस्था गर्ने ।

१७. कुनैपनि मन्त्रालयका सहायकस्तरका कर्मचारीलाई एक मन्त्रालयबाट अर्को मन्त्रालय वा कार्यालयमा सरूवा गर्ने व्यवस्था आगामी दुईवर्ष भित्र अन्त्य गर्ने ।

१८. सार्वजनिक सेवाप्रदायक कार्यालयहरूले दिएको सेवाको सन्तुष्टि र असन्तुष्टि मापनका लागि वर्षको एकपटक स्थानीय स्वतन्त्र निकायमार्फत पृष्ठपोषण लिन नागरिक प्रतिवेदनपत्र (Citizen Report Card) सञ्चालन गर्ने ।

१९. सार्वजनिक सेवाप्रदायक कार्यालयहरूले वर्षको एकपटक सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागूगर्ने ।

२०. सार्वजनिक सेवालाई प्रभावकारी बनाउन तयार गरिएका नियम, नियमावली, कार्यविधि तथा निर्देशिकाहरू सबै स्थानीय निकाय तथा कार्यालयहरूलाई प्राप्त भएनभएको सुनिश्चित गर्ने । साथै त्यस्ता दस्तावेजका बारेमा कर्मचारीलाई यथेष्ट प्रशिक्षण दिने ।

२१. हरेक स्थानीय कार्यालयहरूलाई नतिजामा आधारित वार्षिक कार्यक्रम निर्माण गरेर लागूगर्ने बाध्यकारी व्यवस्था गर्ने ।

२२. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को दफा १४ को उपदफा ५ अनुसार समयमा सेवा नदिंदा सेवाग्राही नागरिकलाई पर्न गएको हानीनोक्सानीका लागि दिइने ५ हजारसम्मको क्षतिपूर्तिको जानकारी सरकारी कार्यालय परिसरमा राखिने नागरिक वडापत्रमा स्पष्टसँग उल्लेख गर्ने अनिवार्य व्यवस्था गर्ने ।

२३. नयाँ संविधान निर्माण भई औपचारिक घोषणा नहुन्जेलसम्म कुनैपनि कर्मचारीलाई अन्तरमन्त्रालय सरूवा नगर्ने ।

२४. नेपालमा खुलेका निजामति कर्मचारीका संघसंगठनहरूको चरित्र राजनीतिक प्रेरित भएकाले त्यस्ता सबै संस्था तत्काल खारेज गर्ने ।

२५. सरकारी राजश्वबाट सेवासुविधा लिने सबै तहका व्यक्तिलाई लागू हुनेगरी स्वार्थको द्वन्द्व (Conflict of Interest) कानुन बनाएर तत्काल लागूगर्ने ।

२६. केन्द्र तथा जिल्ला सदरमुकाममा बसेर भ्रमण भत्तालगायत सुविधा दोहन गर्ने कर्मचारीकाविरूद्ध कडा कानुनी व्यवस्था गर्ने ।

२७. सरकारी सुविधा तथा सिफारिसमा स्वदेश तथा विदेशमा अध्ययन अनुसन्धान गर्ने कर्मचारीलाई त्यस्तो अध्ययन अनुसन्धान सकिएपछि निश्चित समयावधिका लागि तोकेको ठाउँमा गएर काम गर्ने अनिवार्य व्यवस्था गर्ने ।

२८. सार्वजनिक सेवाको परिचय र नागरिक दायित्वका बारेमा विद्यालयस्तरको पाठ्क्रम बनाउने ।

२९. सार्वजनिक सेवा दुरूपयोग गर्ने गराउनेहरूको नाम सार्वजनिक गरेर त्यस्ता कर्मचारी, व्यक्ति तथा समूहलाई निरूत्साहित गर्ने परिपाटीको थालनी गर्ने ।

३०. कुनैपनि क्षेत्रको अनियमितता गर्नेकाविरूद्ध सूचना दिने व्यक्तिको संरक्षणका लागि सूचनादाताको संरक्षणसम्बन्धी विचाराधिन ऐन (Whistleblower Protection Bill) लागू गर्ने ।

३१. सूचनाको हकको कानुनलाई व्यापक प्रचारप्रसार गर्ने गराउने । साथै ऐन कार्यान्वयनमा घिन्याई गर्ने कर्मचारीलाई विभागीय कारवाही गर्ने ।

३२. सुशासन ऐनको व्यवस्थालाई अक्षरश: पालना गर्न गराउन राष्ट्रिय सतर्कता केन्द्रलाई अविलम्ब जिम्मेवारी तोक्ने ।

३३. सार्वजनिक प्रशासनसम्बन्धी कानुन, नियम तथा कार्यविधिहरूलाई समयानुकूल बनाउन ढिलो नगर्ने । यस्ता कानुनहरू आवश्यकता, ग्रहणशीलता र प्रभावकारीतालाई ध्यानमा राखेर समयमै अध्यावधिक गर्ने ।

३४. तोकिएको जिम्मेवारी पूरागर्ने र नगर्ने कर्मचारी छुट्याएर वार्षिक रेकर्ड तयार गरी सम्बन्धित मन्त्रालयमा पञ्जिकृत गर्ने । यसरी राखिएका रेकर्डलाई वृत्ति विकासको लागि आधार बनाउने । कर्मचारी आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

३५. सार्वजनिक प्रशासनलाई आवश्यक पर्ने न्यूनतम् भौतिक सुविधालाई निश्चित आधार बनाएर श्रोत उपलब्ध गराउने ।

३६. वार्षिक रूपमा प्रभावकारी काम गर्ने कार्यालयलाई "असल कार्यालय" को रूपमा छनोट गरी पुरस्कृत गर्ने ।

३७. स्थानीय कार्यालयहरूले राख्दै आएको नागरिक वडापत्रलाई अध्यावधिक गरी थप स्पष्ट र प्रयोगमा ल्याउन नागरिकलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने गराउने ।

३८. विकास निर्माण तथा सेवा प्रदायक कार्यालयले गर्ने खर्चको विवरण स्थानीय नागरिक समाज तथा लक्षितवर्गसमक्ष समयसिमा तोकेर सार्वजनिक गर्नुपर्ने अनिवार्य व्यवस्था गर्ने ।

३९. स्थानीयस्तरमा तीनलाख भन्दा बढीको विकास परियोजना सञ्चालन गर्ने निकायलाई परियोजनाको अन्तिम भुक्तानी दिनुभन्दा अगाडि Public Audit अर्थात् सार्वजनिक लेखापरीक्षण अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने ।

४० सार्वजनिक लेखापरीक्षणका लागि आवश्यक पर्ने जनशक्ति तथा स्रोत उपलब्ध गराउने ।

४१. स्थानीय निकायमा नागरिक वडापत्र अनिवार्य राख्न लगाउने । साथै ती निकायले गर्ने हरेक क्रियाकलाप पारदर्शी गराउन सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण तथा नागरिक प्रतिवेदनपत्रको अवधारणालाई अनिवार्य रूपमा लागू गर्ने गराउने ।

४२. "बजेट बनाउने" र "बजेट कार्यान्वयन गर्ने" निकाय फरकफरक हुनुपर्ने अनिवार्य व्यवस्था गर्ने ।

४३. विकास निर्माणको क्षेत्रमा काम गर्ने प्राविधिकलाई जवाफदेही बनाउने स्पष्ट कानुनी व्यवस्था गर्ने ।

४४. स्थानीय निकायलाई प्राप्त सम्पूर्ण बजेट तथा कार्यक्रमहरू आवधिक रूपमा सार्वजनिक गर्न गराउन बाध्यकारी व्यवस्था गर्ने ।

४५. बदनीयतपूर्वक भेरियसन अर्डर गराएर परियोजनाको लगानी बढाउन पृष्ठपोषण गर्ने योजना संचालक, निर्देशक, प्राविधिक तथा अनुगमनकर्तालाई जवाफदेही बनाउन कडा कानुनी व्यवस्था गर्ने ।

Our Ref:



४६. बदनीयतपूर्वक योजनालाई टुक्राएर कार्य सम्पन्न गर्न गराउन प्रोत्साहन गर्ने कार्यालय प्रमुखलगायत संलग्न व्यक्तिहरूलाई निरूत्साहित गर्न विभागीय कारवाहीलाई निष्पक्ष रूपमा कार्यान्वयनमा गर्ने ।

४७. स्थानीय निकायका राजनीतिक प्रतिनिधिहरूका लागि आचारसंहिता बनाएर लागू गर्ने ।

४८. अख्तियार, महालेखा, राष्ट्रिय सतर्कता केन्द्रलगायत राजश्व कार्यालयहरूलाई आवश्यक पर्ने भौतिक तथा जनशक्ति उपलब्ध गराउने ।

४९. सेवाप्रदायकहरूका बीचमा प्रतिष्पर्धी भावनाको विकास गर्न राजश्व संकलन गर्ने कार्यालयहरूले उठाउने राजश्वको विवरण हरेक महिना तालिका बनाएर सार्वजनिक गर्ने ।

५०. सरकारी निकायबाट आर्थिक सहयोग, चन्दा तथा पुरस्कार लिने व्यक्तिहरूको नामावली अनिवार्य रूपमा प्रकाशित गर्ने ।

५१. सार्वजनिक सेवालाई प्रभावकारी बनाउन नागरिक समाज र सञ्चारमाध्यमसँगको सहकार्यमा काम गर्ने ।

आउनुहोस् मुलुकमा असल शासनका लागि सँगै मिलेर काम गरौं ।

__बोधार्थ:__

श्रीमान लिलामणि पौडेलज्यू,
नेपाल सरकारका मुख्य सचिव
प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार

.........................
केदार खडका
अध्यक्ष
GoGo Foundation